लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।०७

चरण : द्वितीय

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Economics**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" ५० अङ्क

१. बजार प्रणालीमा उत्पादनको निर्धारण भनेको के हो? बजार प्रणालीमा उत्पादनको निर्धारणमा प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्नुहोस् । २+३=५

(What is meant by output determination under market system? Explain the factors that influence output determination in a market system.)

२. सीमान्त उत्पादकत्व सिद्धान्तका प्रमुख आलोचनाहरू के के हुन्? संस्थागत कारकहरू र संयुक्त उत्पादनले यस सिद्धान्तलाई कसरी चुनौती दिन्छन्? प्रस्तुत गर्नुहोस् । २+३=५

(What are the main criticisms of marginal productivity theory? How do institutional causes and joint production challenge the marginal productivity theory? Mention.)

३. आन्तरिक प्रतिफल दरको आधारभूत परिभाषा के हो? आयोजनामा लगानी गर्ने सन्दर्भमा यसको मापन कसरी गरिन्छ? उल्लेख गर्नुहोस् । २+३=५

(What is the basic definition of Internal Rate of Return (IRR)? How is it measured in the context of investment in a project? Explain.)

४. एकाधिकारात्मक प्रतिस्पर्धा र अल्पाधिकार बजार प्रणालीबिचको समानता र भिन्नताहरू तुलना गर्नुहोस् । ५+५=१०

(Compare the similarities and differences between monopolistic competition and oligopolistic market structures.)

५. नेपालको सन्दर्भमा बसाइँसराइले सहरी क्षेत्रको गरिबीमा पारेको असर विश्लेषण गर्दै आय असमानता कम गर्दै समग्र मुलुकमा रहेको गरिबी न्यूनीकरण गर्न तीनै तहका सरकारले के-कस्ता नीतिगत तथा संरचनागत सुधार गर्नु आवश्यक ठान्नुहुन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । ४+६=१०

(Analyzing the impact of migration on urban poverty in the context of Nepal, what policy and structural reforms do you think the three tiers of government should undertake to reduce income inequality and alleviate poverty in the country? Present suggestions.)

६. अमेरिकी सरकारले प्वाईन्ट फोर प्रोग्राम अन्तर्गत सन् १९५१ मा सहायता उपलब्ध गराएसँगै नेपालले वैदेशिक सहायता परिचालन गर्न सुरू गरेको हो । ततपश्चात् छिमेकी मुलुक भारत र चीनदेखि, जापान, कोरिया, फ्रान्स, बेल्जियम, कुवेत, अमेरिका, बेलायतसम्मका द्विपक्षीय राष्ट्र तथा विश्व बैंक, एसियाली विकास बैंक, एआईआईबि., युरोपेली आर्थिक समुदाय, नर्डिक विकास कोष, ओपेक फण्ड लगायतका बहुपक्षीय दातृसंस्थाबाट अनुदान तथा ऋण परिचालन हुँदै आएको छ । पछिल्ला वर्षहरूमा द्विपक्षीय मुलुकबाट प्राप्त हुने अनुदान सहायताभन्दा बहुपक्षीय ऋण सहायता बढ्दै गएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकअनुसार वि.सं. २०८२ असार मसान्तसम्म तिर्न बाँकी वैदेशिक ऋण करिब रू. १४ खर्ब ५ अर्ब (कुल गार्हस्थ उत्पादनको करिब २३ प्रतिशत) रहेको छ ।

मुलुकले वैदेशिक सहायता परिचालनमा अनेकन् चुनौती झेल्दै आएको छ । द्विपक्षीय अनुदान सहायता परिचालनमा दातृ मुलुकको स्वार्थ हाबी हुने गरेको, सहायतालाई नजानिदो किसिमले

क्रमशः

व्यापारसँग आबद्ध गर्ने गरिएको, अझै कतिपय सहायताका सम्बन्धमा जनमानसमा विश्व राजनीतिक प्रभाव तथा ध्रुवीकरणको आशंका व्यक्त हुने गरेको छ । बहुपक्षीय सहायतामा कठिन तथा अव्यावहारिक नीति शर्त पूरा गर्नुपर्ने र शर्त पूरा नहुँदा सम्झौता अनुरूपको सहायता सोधभर्ना गर्न नसकिएको अवस्था छ ।

सहायताको उपयोग पक्षसमेत सन्तोषजनक छैन । मुलुकको आवश्यकताले भन्दा दातृ निकायको सहायता नीतिभित्र रही सहायता प्राप्त गर्नुपर्ने, परियोजना तयारी देखिनै दातृपक्ष हाबी हुने, कतिपय अवस्थामा लागत अनुमान अस्वभाविक रहने गरेको छ । राजनीतिक अस्थिरता, बन्द, हडताल, नचिताएका बाधा व्यवधानदेखि आयोजना व्यवस्थापनको क्रममा देखिएका जग्गा प्राप्ति, स्थानीय तहमा हुने अवरोध तथा ठेक्का प्रणालीका जटिल समस्याको मार वैदेशिक सहायताबाट सञ्चालित आयोजनाले भोग्ने गरेका छन् । जसका कारण वैदेशिक सहायतामा सञ्चालित आयोजनाको भौतिक तथा वित्तीय प्रगति न्यून हुने र आयोजनाको समय र लागत बढ्ने गरेको छ ।

संवैधानिक प्रावधान अनुरूप वैदेशिक सहायता परिचालनमा संघीय सरकारको मुख्य भूमिका रहने गरेको छ । आवधिक योजनाले निर्दिष्ट गरेका नीतिगत प्रतिबद्धताका साथै वैदेशिक सहायता परिचालन सम्बन्धमा छुट्टै नीतिसमेत तर्जुमा भई कार्यान्वयनमा छ । नीतिगत समन्वयका लागि राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा छुट्टै महाशाखा राखिनुका अलावा ऋण व्यवस्थापनका लागि छुट्टै कार्यालयसमेत खडा गरिएको छ ।

माथि उल्लिखित पृष्ठभूमिलाई मध्यनजर गर्दै देहायका प्रश्नमा आधारित भई विश्लेषणात्मक प्रस्तुति दिनुहोस् । ५+५+५=१५

क) नेपालमा विदेशी सहायता परिचालनमा विद्यमान नीति, संरचना र पद्धति रहँदा रहँदै सहायता परिचालनको स्थिति सन्तोषजनक नहुनुका कारण पहिचान गर्दै यसको प्रभावसमेत विश्लेषण गर्नुहोस् ।

ख) सहायता परिचालनमा थप प्रभावकारिता ल्याउन अपनाउनुपर्ने सुधारका विषय पहिचान गर्नुहोस् ।

ग) समयसारिणी सहितको सुझाव कार्यान्वयन खाका प्रस्तुत गर्नुहोस् ।

(Nepal has begun mobilizing foreign assistance following the provision of aid under the United States' Point Four Program in 1951. Since then, Nepal has been receiving grants and loans from bilateral countries ranging from neighboring nations such as India and China to Japan, Korea, France, Belgium, Kuwait, the United States and the United Kingdom, as well as from multinational donor agencies including the World Bank, the Asian Development Bank, A.I.I.B., the European Economic Community, the Nordic Development Fund and the OPEC Fund. In recent years, multilateral loan assistance has been increasing compared to grants received from bilateral partners. According to data from the Public Debt Management Office, as of the end of Ashad 2082 BS, Nepal's outstanding foreign debt has amounted to approximately NPR 1,405 billion, which represents around 23 percent of the country's Gross Domestic Product (GDP).

The country has faced various challenges in mobilizing foreign assistance. In bilateral grant assistance; donor interest often dominate, assistance is sometimes indirectly tied to trade and for certain aid programs, public opinion expresses concerns about global political influence and polarization. Multilateral assistance requires compliance with strict and often impractical policy conditions and failure to meet these conditions can result in the inability to claim agreed-upon assistance.

The utilization aspect of aid has also been unsatisfactory. Assistance is often constrained within donor priorities rather than aligned with national needs, donor's excessive

क्रमशः

influence from project preparation onward and in some cases, cost estimates are unrealistic. Political instability, strikes, unanticipated obstacles, issues in land acquisition, local-level hindrances and the complexities of contract management have also affected projects implemented with foreign assistance. These factors have led to reduce physical and financial progress of foreign aid projects, increasing both project duration and costs.

In accordance with constitutional provisions, the federal government holds the primary role in mobilizing foreign assistance. Alongside policy commitments specified in periodic plans, a separate policy regarding foreign assistance mobilization has been formulated and is being implemented. Besides the National Planning Commission and a dedicated office for debt management, a separate division has been established within the Ministry of Finance for policy coordination.

Based on the above background, provide an analytical presentation addressing the following questions.

a) Identifying the reasons why the mobilization of foreign assistance in Nepal remains unsatisfactory despite having an existing policy framework and procedural mechanism, analyze its impacts.

b) Identify areas of reform that should be adopted to improve the effectiveness of aid mobilization.

c) Present an implementation framework with a timeline for the proposed recommendations.)

## खण्ड "ख" ५० अङ्क

७. बचत कार्यको व्याख्या गर्नुहोस् र यसको निर्धारकहरू उल्लेख गर्नुहोस् । २+३=५
(Explain the saving function and mention its determinants.)

८. उपभोग विश्लेषणमा निरपेक्ष आय परिकल्पनाको सचित्र व्याख्या गर्नुहोस् । ५
(Diagrammatically explain the theory of Absolute Income Hypothesis in consumption analysis.)

९. Fisher Index को मुख्य विशेषता के के हुन्? यो सूचकांक परम्परागत Laspeyres Index (L) र Paasche Index (P) भन्दा कति हदसम्म फरक छ? तुलना गर्नुहोस् । २+३=५
(What are the key features of the Fisher Index? To what extent does it differ from the traditional Laspeyres Index (L) and Paasche Index (P)? Compare.)

१०. नेपाली मुद्राको भारतीय मुद्रासँगको विनिमय दर स्थिर राखिनुको कारण र यसले नेपालको अर्थतन्त्रमा पारेको प्रभावका बारेमा विवेचना गर्नुहोस् । २+३=५
(Discuss the reasons behind pegging the Nepali currency to Indian Currency and its impact on the Nepali economy.)

११. विश्व व्यापार संगठनमा आबद्धतापछि नेपालको अन्तर्राष्ट्रिय व्यापारमा के-कस्ता अवसर तथा चुनौतीहरू सिर्जना भएका छन्? विश्लेषण गर्नुहोस् । ५
(What opportunities and challenges have been created in international trade of Nepal after becoming a member of the World Trade Organization? Analyze.)

क्रमशः

१२. व्यापारमा हुने आपसी मिलेमतो र साँठगाँठ नेपालको अर्थतन्त्रको लागि गम्भीर आर्थिक समस्या बनेको छ । यसलाई नियन्त्रण गर्न वित्तीय तथा मौद्रिक नीतिको भूमिका उल्लेख गर्नुहोस् । ५
(Cartels and syndicates in trade have become serious economic problem in the Nepali economy. Mention the role of fiscal and monetary policy in controlling them.)

१३. आर्थिक उछालको अवस्थामा मुद्रास्फीति रोक्न ल्याइने संकुचनकारी नीतिको विश्लेषण गर्नुहोस् । १०
(Analyze the contractionary policy to control inflation during an economic boom.)

१४. फिलिप्स रेखाचित्रको उपयोग गरी सम्भावित मुद्रास्फीति र बेरोजगारीबिच हुने लेनादेनाको चर्चा गर्नुहोस् । १०
(Using Phillips Curve diagram, discuss the possible inflation and unemployment tradeoff.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८२।१२।०८

चरण : द्वितीय

पत्र : द्वितीय

समय : ३ घण्टा　　　　　　　　　　　　　　　　　　　　　　　　　　पूर्णाङ्क : १००

## विषय : Management

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"　　　　५० अङ्क

१. रणनीतिक योजनालाई परिभाषित गर्नुहोस् । नेपाल राष्ट्र बैंकको सन्दर्भमा यसको महत्त्व स्पष्ट पार्नुहोस् ।　२+३=५

(Define strategic planning. Explain its importance in the context of Nepal Rastra Bank.)

२. नैतिक नेतृत्वको अवधारणा उल्लेख गर्नुहोस् । नैतिक नेतृत्वका गुणहरू संक्षिप्तमा व्याख्या गर्नुहोस् ।　२+३=५

(Mention the concept of an ethical leadership. Briefly explain the traits of ethical leadership.)

३. परिवर्तन व्यवस्थापन किन चुनौतीपूर्ण मानिन्छ? संक्षिप्तमा व्याख्या गर्नुहोस् ।　५

(Why is change management considered challenging? Explain briefly.)

४. नेपालका सार्वजनिक संस्थानहरूमा कार्य-विश्लेषणको अभ्यास कस्तो पाउनुभएको छ? चित्रण गर्नुहोस् ।　५

(What is your observation about "Job Analysis" in Nepali public enterprises? Present.)

५. कार्यजीवन गुणस्तरको अर्थ स्पष्ट गर्दै कार्यजीवन गुणस्तरका प्रमुख आयामहरूको छोटो व्याख्या गर्नुहोस् ।　२+३=५

(Clarifying the meaning of quality of work-life, briefly explain the key dimensions of quality of work-life.)

६. वृत्ति विकास भनेको के हो? व्यक्तिगत वृत्ति विकासले कसरी कर्मचारी र रोजगारदाता संगठन दुबैलाई सकारात्मक प्रभाव पार्दछ? चर्चा गर्नुहोस् ।　२+३=५

(What is career development? Discuss how individual career development positively impacts both the staff and the employer organization.)

७. नेपाल राष्ट्र बैंकको व्यवस्थापकले अपनाउनुपर्ने व्यवस्थापकीय निर्णय निर्माण प्रक्रिया स्पष्ट गर्नुहोस् । समस्याको प्रकृतिले निर्णयकर्ताले अपनाउने निर्णय निर्माण पद्धतिलाई कसरी प्रभाव पार्दछ? छलफल गर्नुहोस् ।　५+५=१०

(Explain the managerial decision making process to be adopted by management of Nepal Rastra Bank. How does the nature of a problem influence the decision making approach adopted by decision maker? Discuss.)

क्रमशः

८. बढ्दो सूचना प्रविधिको प्रयोगसँगै बैंक तथा वित्तीय क्षेत्रमा काम गर्ने मानव संसाधनको क्षमतामा पनि चुनौतीहरू थपिँदै गएको छ । धेरैजसो सेवा प्रविधि र कृत्रिम बौद्धिकतामा आधारित हुने अवस्थामा आगामी दिनमा केन्द्रीय बैंकको लागि आउन सक्ने परिस्थितिको आँकलन गर्दै नयाँ परिवेशलाई सामना गर्न कस्तो रणनीति लिनुपर्ला? सुझाव दिनुहोस् । १०

(With the increasing use of Information Technology, the ability of human resources working in banks and the financial sector is also becoming increasingly challenged. With most services based on technology and Artificial Intelligence, what strategy should the central bank adopt to deal with the new environment, assuming the likely situation for the coming days? Suggest.)

## खण्ड "ख" ५० अङ्क

९. मोडेलिङ कन्जुमर डिमाण्ड भनेको के हो? कन्जुमर डिमाण्ड मोडेल गर्ने प्रचलित तरिकाहरू के के हुन्? उल्लेख गर्नुहोस् । १+४=५

(What is Modeling Consumer Demand? Mention the most common techniques to model consumer demand.)

१०. परिवर्तनशील लागत र स्थिर लागतको संरचनालाई बदलेर कसरी कम्पनीहरूले नाफालाई प्रभावित पार्न सक्छन्? उदाहरणसहित व्याख्या गर्नुहोस् । ५

(How can companies influence profits by changing the composition of variable costs and fixed costs? Explain with the help of example.)

११. सामूहिकतावादी आर्थिक सिद्धान्तले राज्य निर्देशित अर्थतन्त्रमा स्रोत वितरणलाई के-कसरी प्रभाव पार्छ? उदाहरणसहित उल्लेख गर्नुहोस् । ५

(In a state-led economy, how does collectivist economic principle affect resource allocation? Mention with examples.)

१२. सार्वजनिक संस्थान र निजी उद्यमहरूमा लागत केन्द्र, नाफा केन्द्र र मूल्य हस्तान्तरणको सान्दर्भिकता स्पष्ट पार्नुहोस् । सरकारी स्वामित्वका संस्थाहरूमा मूल्य हस्तान्तरण लागु गर्दा देखिने प्रमुख समस्याहरू के के हुन्? स्पष्ट गर्नुहोस् । ६+४=१०

(Explain the relevance of cost centers, profit centers and transfer pricing in public organizations and private enterprises. What challenges arise while applying transfer pricing in government-owned institutions? Clarify.)

१३. पूँजीको सीमान्त लागत र भारित औषत लागतबिचको अन्तर प्रष्ट पार्नुहोस् । वित्तीय संस्थाको विवरण विश्लेषण गर्ने क्रममा कुन कुन अनुपात विश्लेषणलाई प्रयोगमा ल्याउनु के-कति कारणले उचित देख्नुहुन्छ? खुलाउनुहोस् । ३+७=१०

(Explain the difference between marginal cost of capital and weighted average cost of capital. What are the major ratios that are used while analyzing the financial statement of financial institution? Explain with reasons.)

१४. वि.सं. २०४८ साल यता नेपालमा पटक पटक वित्तीय क्षेत्र सुधार कार्यक्रम लागु भएको छ । यसका धेरै राम्रा परिणामहरू देखिएका छन् । तर आधारभूत रूपमा बैंकिङ क्षेत्रमा रहेको जोखिम कम भएको देखिँदैन । पछिल्ला दिनहरूमा बैंकिङ प्रणालीमा निष्क्रिय सम्पत्तिको आकार बढेको र मुनाफाको दर घटेको सूचनाहरू आइरहेका छन् ।

यस सन्दर्भमा विगतका वित्तीय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिहरूको समीक्षा गर्दै हाल विकसित परिस्थितिमा सुधार ल्याउन र भविष्यमा वित्तीय क्षेत्रमा आउन सक्ने जोखिम कम गर्न लागु गर्नुपर्ने वित्तीय क्षेत्र सुधार कार्यक्रमको खाका प्रस्तुत गर्नुहोस् । ६+९=१५

(Financial sector reform program has been implemented in different phases since 2048 BS. This has given good results too. However, fundamental risk in banking sector is persistent. Lately, there are reports that non-performing assets are rising and profitability of banking sector is decreasing.

In this context, examine the achievements of previous financial sector reform programs and present a framework of financial sector reform program needed to improve the situation currently developed and to mitigate the potential risks arising in financial sector in future.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।०९

चरण : द्वितीय

पत्र : तृतीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Research Methodology, Information and Communication Technology, Banking Laws and Regulations**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क"

५० अङ्क

१. आधारभूत र व्यावहारिक अनुसन्धानबिचको भिन्नता केही उपयुक्त उदाहरणहरू सहित व्याख्या गर्नुहोस् । मात्रात्मक र गुणात्मक अनुसन्धानको तुलना गर्नुहोस् । व्यवस्थापनसम्बन्धी निर्णय लिँदा अनुसन्धानको भूमिका छलफल गर्नुहोस् । ३+३+४=१०

(Explain the difference between basic and applied research with some suitable examples. Compare quantitative and qualitative research. Discuss the role of research while performing management decision making.)

२. साहित्य समीक्षाका विभिन्न चरणहरूको व्याख्या गर्नुहोस् । अनुसन्धान परियोजना सञ्चालन गर्दा समस्या कथन, अनुसन्धान उद्देश्यहरू, अनुसन्धान परिकल्पनाबिचको सम्बन्धको बारेमा छलफल गर्नुहोस् । वर्णनात्मक, अन्वेषणात्मक र विश्लेषणात्मक अनुसन्धान डिजाइनलाई तिनीहरूको सापेक्षिक गुण र दोषहरू सहित प्रकाश पार्नुहोस् । ३+३+४=१०

(Explain different phases of literature review. Discuss the linkage among problem statement, research objectives, research hypothesis while performing a research project. Highlight descriptive, exploratory and analytical research design with their relative merits and demerits.)

३. प्राथमिक र द्वितीय तथ्यांकको वर्गीकरण उदाहरणसहित स्पष्ट गर्नुहोस् । अनुसन्धानमा प्रयोग हुने प्रश्नावलीको सामग्री, संरचना तथा सञ्चालन प्रक्रिया संक्षेपमा वर्णन गर्नुहोस् । ३+७=१०

(Explain the classification of primary and secondary data with examples. Briefly describe the content, structure and administration process of a questionnaire used in research.)

४. तथ्यांक विश्लेषणमा Parametric र Non-parametric Test बिचको फरक छुट्याउनुहोस् । "यो विश्वास छ कि धेरैजसो अनुसन्धान Papers, लेख र अनुसन्धान रिपोर्टहरूमा थोरै मात्रामा Inferential analysis techniques को उपयोग गरिएको हुन्छ ।" यस भनाइमाथि आफ्नो धारणा राख्नुहोस् । ४+६=१०

(Differentiate between Parametric and Non-parametric Test in data analysis. "It is believed that limited inferential analysis techniques are used in many research papers, articles and research reports." State your views on this statement.)

५. अनुसन्धान प्रतिवेदनका सामान्य स्वरूपको वर्णन गर्नुहोस् । असल अनुसन्धान प्रतिवेदनका विशेषताहरू के के हुन्? व्याख्या गर्नुहोस् । ६+४=१०

(Describe the general format of research report. What are the characteristics of a good research report? Explain.)

क्रमशः

## खण्ड "ख"

२५ अङ्क

६. संस्थाहरूका लागि कम्प्युटरलाई उपयोगी बनाउने यसका मुख्य विशेषताहरू व्याख्या गर्नुहोस् । कम्प्युटरको लागि अपरेटिङ सिस्टम किन आवश्यक छ? छलफल गर्नुहोस् । ३+२=५
(Explain the key features of computers that make them valuable to organizations. Why an operating system is essential for a computer? Discuss.)

७. डाटावेस व्यवस्थापन प्रणालीको प्रयोगको बारेमा छलफल गर्नुहोस् । सूचना र सञ्चार प्रविधि प्रयोग गरेर जानकारीलाई कसरी कार्ययोग्य अन्तर्दृष्टिमा रूपान्तरण गरिन्छ? लेख्नुहोस् । ३+२=५
(Discuss the application of database management system. How is the information converted to actionable insights using information and communication technology? Write.)

८. वेब डिजाइनिङ भनेको के हो? वेबसाईट निर्माणमा HTML को भूमिका वर्णन गर्नुहोस् । १+४=५
(What is web designing? Explain the role of HTML in creating a website.)

९. विद्युतीय कारोबार ऐन, २०६३ मा परिभाषित साइबर अपराधका प्रकारहरू सूचीबद्ध गर्नुहोस् । नेपालमा साइबर कानून लागु गर्दा देखिएका चुनौतीहरू व्याख्या गर्नुहोस् । २+३=५
(List the types of cyber offences defined under Electronic Transactions Act, 2063. Explain the challenges of implementing cyber law in Nepal.)

१०. विद्युतीय शासन भनेको के हो? नेपालमा विद्युतीय शासनको कार्यान्वयनका चुनौतीहरू के के छन्? व्याख्या गर्नुहोस् । १+४=५
(What is e-governance? What are the various challenges of e-governance implementation in Nepal? Explain.)

## खण्ड "ग"

२५ अङ्क

११. नेपाल सरकार र नेपाल राष्ट्र बैंकबिचको सम्बन्धका विषयमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा के-कस्तो व्यवस्था छ? वर्णन गर्नुहोस् । ५
(What are the main provisions mentioned in the Nepal Rastra Bank Act, 2058 with regard to the relationship between Government of Nepal and Nepal Rastra Bank? Describe.)

१२. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा उल्लेख भएको वित्तीय जानकारी ईकाइको काम, कर्तव्य र अधिकार प्रकाश पार्नुहोस् । ५
(Highlight the functions, duties and powers of Financial Information Unit (FIU) as mentioned in the Asset (Money) Laundering Prevention Act, 2064.)

१३. नेपाल राष्ट्र बैंकले भुक्तानी प्रणाली सञ्चालन गर्ने वा भुक्तानी सेवा प्रदान गर्ने अनुमतिपत्रको लागि निवेदन दिने कम्पनीलाई के-कस्तो अवस्थामा त्यस्तो काम गर्ने अनुमतिपत्र दिन इन्कार गर्न सक्छ? खुलाउनुहोस् । ५
(On what conditions can Nepal Rastra Bank refuse to issue a permission letter to a company filing an application seeking permission for operating payment system or providing payment services? Clarify.)

१४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामाथि कारबाही गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिमाथि प्रकाश पार्नुहोस् । १०
(Highlight the procedure to be followed by the Nepal Rastra Bank in the course of taking action to the bank and financial institutions as prescribed in the Bank and Financial Institution Act, 2073.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (लेखा/लेखापरीक्षण) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१५

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Accounting and Auditing**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" ६० अङ्क

१. व्यवसाय गाभिने घटनामा प्रयोग गरिने प्राप्ति विधिको व्याख्या गर्नुहोस् । नेपाल वित्तीय प्रतिवेदनमानले यो विधिलाई मात्र मान्यता दिनुको कारण उल्लेख गर्नुहोस् । ३+२=५

(Explain the acquisition method used in business combinations. Mention the reasons behind recognizing this method only by Nepal Financial Reporting Standards.)

२. नगद-प्रवाह हेजमा हुने नाफा वा नोक्सानीको लेखांकन गर्ने तरिका चर्चा गर्नुहोस् । ५

(Discuss the accounting treatment of the gain and loss in cash flow hedge.)

३. दायित्वको यथार्थ मूल्यको प्रारम्भमा गरिने पहिचान र मापन सिद्धान्तहरू छलफल गर्नुहोस् । ५

(Discuss the initial recognition and measurement principles for fair value of liability.)

४. नेपाल वित्तीय प्रतिवेदनमान ५ अनुसार कुनै सम्पत्ति held for sale को रूपमा वर्गीकृत गर्ने मापदण्डहरू वर्णन गर्नुहोस् । ५

(Describe the recognition criteria for an asset to be classified as held for sale under NFRS 5.)

५. नेपाल लेखामान २० बमोजिम सरकारी अनुदानका रूपमा प्राप्त विशिष्ट स्थिर सम्पत्तिलाई कसरी लेखांकन गरिन्छ? उल्लेख गर्नुहोस् । ५

(How is the specific fixed assets received as a government grant treated in the books of accounts as per NAS 20? Mention.)

६. वित्तीय औजारहरूसँग सम्बन्धित के-कस्ता जोखिमहरूको वित्तीय प्रतिवेदनमा खुलासा गर्नुपर्दछ? सविस्तार व्याख्या गर्नुहोस् । १०

(What are the disclosure requirements of risks arising from financial instruments in the financial reports? Explain in detail.)

७. नेपाल लेखामान २८ एसोसिएट र जोइन्ट भेन्चरमा लगानी अनुसार कुन कुन परिस्थितिहरूमा कुनै निकायहरूलाई 'एसोसिएट' मानिन्छ? विभिन्न परिस्थितिहरूमा एसोसिएटमा गरिएको लगानीलाई प्रतिवेदनको मितिमा कसरी मापन गर्नुपर्छ? व्याख्या गर्नुहोस् । ५+५=१०

(Explain different circumstances in which an entity is considered as 'Associate' as per NAS 28: Investment in Associates and Joint Ventures. How should investment in associates be measured at reporting date in different reporting scenarios? Explain.)

८. वित्तीय कारोबारको पहिचान र मापनका बारेमा निको अस्पताल प्रा.लि. को स्वीकृत लेखा नीति छैन । अस्पताल सञ्चालन भएको दुई वर्ष नाघेको छ । आ.व. २०८०/८१ सम्म दर्तावाल लेखापरीक्षकले लेखापरीक्षण गरेका रहेछन् र कुनै कैफियत देखाइएको रहेनछ । आ.व. २०८१/८२ को लेखापरीक्षण गर्दा चार्टर्ड एकाउन्टेन्ट फर्मका लेखापरीक्षकले आपत्ति जनाएका निम्न बुँदा टिपेका छन्:

- आ.व. २०८१/८२ को अन्त्यमा २६ जना अन्तरंग बिरामीको उपचार जारी रहेछ । लेखापालले ती बिरामीको उपचारमा भएको सबै खर्च खातामा खर्चको रूपमा लेखांकन गरेको तर बिरामीबाट

क्रमशः

प्राप्त रकम भने अन्तिम बिल तयार नभएको कारण जनाई पेश्की प्राप्तको रूपमा लेखांकन गरेका छन् ।

- वर्षभर खरिद गरेको खर्च भएर जाने जिन्सी र चिकित्सकीय उपकरणका स्पेयर पार्टस्‌लाई खर्चका रूपमा लेखांकन गरेका छन् ।
- भएका सबै पाँचवटा अल्ट्रासाउण्ड इमेजिङ मेसिन प्रतिस्थापन गरिएको रहेछ । तर अस्पतालले रकम भुक्तानी गर्न नसकेका कारण लेखापालले खातामा केही पनि लेखांकन गरेका रहेनछन् ।
- अस्पतालले आयोजना गरेका घुम्ती शिविरमा गएका ५ जना नर्सको असार महिनाको तलब भुक्तानी भएको रहेनछ ।

प्रस्तुत समस्याको प्रकृति विश्लेषण गर्नुहोस् । यसमा कुन लेखामानको पालना हुन नसकेको हो? चर्चा गर्नुहोस् । लेखापरीक्षकको हैसियतमा तपाईंले कम्पनी व्यवस्थापनलाई के सल्लाह दिनुहुन्छ? प्रस्तुत गर्नुहोस् । ४+५+६=१५

(Niko Hospital Pvt. Ltd. does not have an official accounting policy for the recognition and measurement of financial transactions. The hospital has completed two years of operation. Until FY 2080/81, books of accounts were audited by a registered auditor and no objections were raised. However, while auditing the accounts of FY 2081/82, the auditor of a Chartered Accountant firm took note of the following as objectionable issues:

- At the end of FY 2081/82, treatment of 26 admitted patients continued. The accountant booked all costs incurred for the treatment of those patients as expense, while amount received from them was recorded as advance received pending issuance of final invoice.
- All consumables and spare parts of medical equipment purchased during the year were recorded as an expense.
- All five ultrasound imaging machines were replaced. However, due to the inability of the hospital to make payment, the accountant has not recorded anything in the books of accounts.
- It was revealed during the course of audit that the salary of five nurses for the month of Asar remained unpaid because they were away at a mobile camp organized by the hospital.

Analyze the nature of the problem. Discuss which of the accounting standards are violated in this case. As an auditor, what would you suggest to the company management? Present.)

## खण्ड "ख" ४० अङ्क

९. नेपाल लेखापरीक्षणमान २४० अनुसार लेखापरीक्षण योजना बनाउने क्रममा धोखाधडी सम्बन्धमा लेखापरीक्षकको जिम्मेवारी वर्णन गर्नुहोस् । ५

(With reference to Nepal Standards on Auditing (NSA) 240, explain auditor's responsibility in relation to fraud during the planning of audit engagement.)

१०. लेखापरीक्षण प्रतिवेदन जारी गर्दा लेखापरीक्षकको स्वतन्त्रतामा बाधा पुऱ्याउने चुनौतीहरू व्याख्या गर्नुहोस् । ५

(Explain the threats that may hinder auditor's independence while issuing audit report.)

क्रमशः

११. प्रत्येक लेखापरीक्षण तहको गुणस्तर सुनिश्चितताको लागि स्थलगत भ्रमणका दौरानमा समापन बैठक गर्नुको आधारभूत उद्देश्य के हो? खुलाउनुहोस् । ५
(What is the basic purpose of closing/exit meeting during the on-site visit for individual audit level quality assurance? Clarify.)

१२. लेखापरीक्षणको क्रममा तपाईंले कर्मचारी लाभ विदेशी एक्चुअरी कम्पनीबाट प्राप्त एक्चुअरी मूल्यांकन प्रतिवेदनको आधारमा रेकर्ड गरेको पाउनु भयो । लेखापरीक्षण टोली प्रमुखले तपाईंलाई विशेषज्ञद्वारा गरिएको कार्यको पर्याप्तता मूल्यांकन गर्न भन्नु भएको छ । एक्चुअरी प्रतिवेदनको मूल्यांकन गर्न तपाईंले समेट्ने मुख्य क्षेत्रहरू संक्षेपमा वर्णन गर्नुहोस् । ५
(During the audit, you have noted that employee's benefits have been recorded using actuary valuation report received from foreign actuary firm. Audit team leader has asked you to evaluate the adequacy of the work performed by the expert. Elucidate the key areas that you would cover to evaluate the actuary valuation.)

१३. कुनै संस्थाको आन्तरिक नियन्त्रण प्रणालीका कमजोरीहरू सञ्चार गर्ने सम्बन्धमा लेखापरीक्षकको जिम्मेवारीहरू नेपाल लेखापरीक्षणमान २६५ - Communicating Deficiencies in Internal Control to Those Charged with Governance and Management ले गरेको व्यवस्थाअनुसार वर्णन गर्नुहोस् । १०
(Explain the auditor's responsibilities in relation to communication of deficiencies in internal control of the auditee with reference to 'NSA-265 - Communicating Deficiencies in Internal Control to Those Charged with Governance and Management'.)

१४. लेखापरीक्षण प्रमाणको विश्वसनीयता यसको स्रोत र प्रकृतिबाट प्रभावित हुन्छ । यस भनाइलाई व्याख्या गर्नुहोस् । १०
(Reliability of audit evidence is influenced by its source and nature. Explain this statement.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (लेखा/लेखापरीक्षण) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१६

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Financial Laws**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड "क" — ४० अङ्क

१. कर्जाको 'पुनर्तालिकीकरण' र 'पुनर्संरचना' लाई परिभाषित गर्दै बैंक तथा वित्तीय संस्थालाई कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणका लागि गरिएका नियामकीय व्यवस्थाहरू उल्लेख गर्नुहोस् । ५
(Defining the 'Rescheduling' and 'Restructuring' of the loan, explain the regulatory provisions for restructuring and rescheduling of loans of banks and financial institutions.)

२. नेपाल राष्ट्र बैंकले के-कस्ता अवस्थामा विदेशी बैंक तथा वित्तीय संस्थाको शाखा कार्यालय नेपालमा खोल्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछ? स्पष्ट पार्नुहोस् । ५
(Explain under what circumstances the Nepal Rastra Bank may refuse to give prior approval to a foreign bank and financial institution to open branch office in Nepal.)

३. ऋण असुली न्यायाधीकरणको अधिकार क्षेत्रहरू वर्णन गर्नुहोस् । ५
(Describe the jurisdiction of the Debt Recovery Tribunal.)

४. नेपालका बैंक तथा वित्तीय संस्थाहरूको एकीकरण र प्राप्तिसम्बन्धी कानूनी व्यवस्था र तिनीहरूको प्रभावकारिताको विवेचना गर्नुहोस् । ३+२=५
(Illustrate the existing legal provisions and their effectiveness on matters relating to merger and acquisition of banks and financial institutions in Nepal.)

५. नेपाल राष्ट्र बैंक स्थापनाका उद्देश्यहरू के के हुन्? नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार यसका काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । ४+६=१०
(What are the objectives of establishment of Nepal Rastra Bank? Describe its functions, duties and rights according to Nepal Rastra Bank Act, 2058.)

६. नेपालको मौजुदा कानूनबमोजिम बैंक तथा वित्तीय संस्थाको वर्गीकरणसम्बन्धी व्यवस्थाको समीक्षा गर्दै यसमा के-कस्ता सुधारको आवश्यकता देख्नुहुन्छ? कारणसहित विश्लेषण गर्नुहोस् । ५+५=१०
(Review the existing legal provisions of Nepal relating to the classification of Banks and Financial Institutions. What type of improvement would you suggest in this domain? Analyze with reasons.)

खण्ड "ख" — ३० अङ्क

७. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९ अनुसार अनुमति प्राप्त संस्थाले के के कार्य गर्न सक्छन्? प्रस्तुत गर्नुहोस् । ५
(What are the functions of payment service provider institutions according to Licensing Policy for Institutions that Perform Payment Related Work, 2079? Present.)

क्रमशः

८. "ख" वर्गका वित्तीय संस्था (विकास बैंक) लाई प्रतितपत्र कारोबार गर्न स्वीकृति दिने सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्रमा के-कस्तो व्यवस्था गरिएको छ? खुलाउनुहोस् । ५
(What provisions are made by Unified Circulars relating to foreign exchange transaction issued by Nepal Rastra Bank regarding granting permissions for the transaction of letter of credit to "B" class financial institution (Development Bank)? Clarify.)

९. राष्ट्रिय भुक्तानी बोर्डको काम, कर्तव्य र अधिकारको विवेचना गर्नुहोस् । ५
(Analyze the works, duties and rights of the National Payment Board.)

१०. योगदानमा आधारित निवृत्तभरण प्रणाली भनेको के हो? नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ मा यस सम्बन्धी रहेको व्यवस्था चर्चा गर्नुहोस् । ५
(What is a contribution-based pension system? Describe the provisions related to this in the Nepal Rastra Bank Employee Service Regulations, 2068?)

११. बैंक तथा वित्तीय संस्थाहरू उपर नेपाल राष्ट्र बैंकले के-कसरी नियमन गर्छ? त्यस्तो नियमन प्रभावकारी नभएको भन्ने गुनासो सम्बोधन गर्न गर्नुपर्ने सुधारहरू सुझावको रूपमा प्रस्तुत गर्नुहोस् । ४+६=१०
(How does the Nepal Rastra Bank regulate banks and financial institutions? Provide suggestions for reforms to address complaints that such regulation is ineffective.)

## खण्ड "ग" ३० अङ्क

१२. सुरक्षित कारोबार ऐन, २०६३ को उद्देश्यमाथि प्रकाश पार्दै सो ऐनले कसूर मानेका कार्यहरू छोटकरीमा चर्चा गर्नुहोस् । ३+२=५
(Highlight the objectives of the Secured Transaction Act, 2063 and discuss the acts criminalized by the Act in brief.)

१३. सम्पत्ति शुद्धीकरणका क्रियाकलापमा कमी ल्याउन नेपाल राष्ट्र बैंकले के-कसरी प्रभावकारी भूमिका खेल्न सक्ला? लेख्नुहोस् । ५
(How can Nepal Rastra Bank play an effective role in curbing money laundering activities? Write.)

१४. लेखापरीक्षण भनेको के हो? लेखापरीक्षकले के-कस्ता सिद्धान्तमा रही लेखापरीक्षण गर्नुपर्छ? खुलाउनुहोस् । २+३=५
(What is an audit? What principles should an auditor follow when conducting an audit? Clarify.)

१५. सार्वजनिक खरिद ऐन, २०६३ का प्रमुख विशेषताहरू के के हुन्? वर्णन गर्नुहोस् । ५
(What are the key features of the Public Procurement Act, 2063? Describe.)

१६. विदेशी लगानी भनेको के हो? नेपालको सन्दर्भमा विदेशी लगानी तथा सोबाट आर्जित रकम कस्तो अवस्थामा फिर्ता लैजान पाउने व्यवस्था छ? साथै, सटही स्वीकृति दिनेसम्बन्धी व्यवस्था स्पष्ट पार्नुहोस् । २+४+४=१०
(What is foreign investment? In the context of Nepal, describe the arrangements for repatriating foreign investment and the conditions under which the profit from it can be repatriated. Illustrate the provisions for granting exchange approval.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (लेखा/लेखापरीक्षण) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१७

पत्र : तृतीय

समय : ३ घण्टा पूर्णाङ्क : १००

## विषय : Banking and Financial Management

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" ६० अङ्क

१. संस्थागत सुशासनको अवधारणा स्पष्ट पार्नुहोस् । नेपालको वित्तीय क्षेत्रमा यसलाई कसरी सुनिश्चित गरिएको छ? चित्रण गर्नुहोस् । २+३=५

(Clarify the concept of corporate governance. How has this been ensured in the Nepali financial sector? Present.)

२. तरलतासम्बन्धी जोखिमको अवधारणा स्पष्ट गर्दै नेपालको बैंक तथा वित्तीय बजारमा पर्ने यसको प्रभाव व्याख्या गर्नुहोस् । २+३=५

(Clarify the concept of liquidity risk and explain its impact in Nepali banks and financial market.)

३. बैंकहरूको पूँजी पर्याप्तताको सुनिश्चितता गर्ने उद्देश्यले तयार गरिएको अन्तर्राष्ट्रिय मापदण्ड बासेल ३ बासेल २ भन्दा कसरी परिष्कृत रहेको छ? तुलना गर्नुहोस् । ५

(How is Basel 3, the international standard to ensure capital adequacy of commercial bank, refined over Basel 2? Compare.)

४. पूँजी बजारको सन्दर्भमा प्रयोग हुने 'आन्तरिक अनौपचारिक लेनदेन' भनेको के हो? यस्तो आन्तरिक लेनदेनलाई नियन्त्रण गर्न विद्यमान 'ब्रोकर-डिलर' सम्बन्धी नियमन/व्यवस्था कतिको प्रभावकारी छ? प्रष्ट पार्नुहोस् । २+३=५

(What is 'insider dealing' in the context of capital market? How is present 'broker-dealing' regulation effective in Nepal in controlling the 'insider dealing'? Clarify.)

५. मुलुकको वर्तमान आर्थिक परिदृश्यलाई झल्काउने बृहत् अर्थतन्त्रको सूचकांकहरूको व्याख्या गर्नुहोस् । ५

(Explain the indicators of macro economy that reflect the country's current economic outlook.)

६. वाणिज्य बैंकहरूले Internal Capital Adequacy Assessment Process (ICAAP) विवरणमार्फत आफ्नो पूँजी पर्याप्तताको मूल्यांकन गर्दै न्यूनतम पूँजी कायम राख्ने योजनासमेत तयार गर्नुपर्दछ । उक्त सन्दर्भमा बैंकले आन्तरिक पूँजी पर्याप्ततालाई मूल्यांकन गर्दा के के तत्त्वहरूलाई ध्यानमा राख्नुपर्छ? व्याख्या गर्नुहोस् । ५

(Commercial banks are required to assess their capital adequacy and develop plan to maintain the minimum requirement through Internal Capital Adequacy Assessment Process (ICAAP) documents. What are the major factors to be taken into account by the banks while assessing the internal capital adequacy status? Explain.)

७. कुनै पनि संस्थामा आवधिक रणनीतिक योजनाको तर्जुमा किन गरिन्छ? नेपाल राष्ट्र बैंकको चौथो रणनीतिक योजनाका मुख्य उद्देश्य र स्तम्भहरू के के हुन्? उल्लेख गर्नुहोस् । ५+५=१०

(Why is periodic strategic plan formulated in an organization? What are the major objectives and pillars of Fourth Strategic Plan of Nepal Rastra Bank? Mention.)

क्रमशः

८. नेपालमा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्ने कार्यमा 'व्यावसायिक मूल्यांकन' किन महत्त्वपूर्ण हुन्छ? नेपालको गाभिएका वाणिज्य बैंकहरूको वर्तमान वित्तीय अवस्था हेर्दा ती बैंकहरूको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (डिडिए) प्रभावकारी रूपमा भएको ठहर्छ? उदाहरणसहित आफ्नो मन्तव्य राख्नुहोस् । ५+५=१०
(Why is 'Business Valuation' important in the merger and acquisition process of Nepali banks and financial institutions? Is the Due Diligence Audit (DDA) of commercial banks effective? Present your view with example observing the current financial position of merged banks of Nepal.)

९. नेपालको पूँजी बजारको विकास एवम् लगानीकर्ताको हित अभिबृद्धिमा नेपाल राष्ट्र बैंकको भूमिका प्रस्तुत गर्नुहोस् । साथै, सो सम्बन्धमा विद्यमान मौद्रिक नीतिले अवलम्बन गरेका सकारात्मक पक्षहरूको चर्चा गर्नुहोस् । ५+५=१०
(Present the role of Nepal Rastra Bank for the development of Nepali capital market and enhancement of the interest of investors. Also, discuss the positive aspects of existing monetary policy regarding these issues.)

## खण्ड "ख" ४० अङ्क

१०. लगानी सम्बन्धमा पोर्टफोलियो सिद्धान्त भनेको के हो? अपेक्षित प्रतिफल प्राप्तिमा पोर्टफोलियो सिद्धान्तका प्रक्रियाहरू व्याख्या गर्नुहोस् । २+३=५
(What is portfolio theory in investment? Explain the process of this theory in achieving expected return.)

११. Weighted Average Cost of Capital (WACC) को अवधारणा उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५
(Clarify the concept of Weighted Average Cost of Capital (WACC) with example.)

१२. बैंक तथा वित्तीय संस्थाहरूको Dividend Policy कस्तो हुनुपर्दछ? Dividend Policy लाई प्रभाव पार्ने मुख्य तत्त्वहरूको संक्षिप्त व्याख्या गर्नुहोस् । २+३=५
(How should be the Dividend Policy of banks and financial institutions? Briefly explain the key factors influencing dividend policy.)

१३. नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पूँजी बजारलाई हस्तक्षेप गर्दा उत्पन्न भएका समस्याहरू उल्लेख गर्नुहोस् र ती समस्या समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०
(Mention the problems that arose when Nepal Rastra Bank intervened in the capital market through monetary policy and present the solutions to those problems.)

१४. प्रायजसो सबै बैंक सुपरिवेक्षण प्रतिवेदनहरूमा विभिन्न चुनौतीहरूको कारणले नेपालको बैंकिङ क्षेत्रमा समस्या उत्पन्न भएको भनि उल्लेख गरिएको हुन्छ । बैंकहरूको लापरवाही, जालसाजीयुक्त गतिविधि, कोषको दुरूपयोग, नियमनको गैरपालना तथा कमजोर जोखिम व्यवस्थापन परिपाटी आदिले वित्तीय प्रणालीको स्थिरता तथा विश्वसनीयतालाई कमजोर बनाएको छ । बैंकको सञ्चालक समिति कर्जा मूल्यांकन तथा स्वीकृतिमा बढी केन्द्रित हुँदा कर्जाको जोखिम मूल्यांकन कार्य छायाँमा परेको छ । त्यस्तै बैंकको सञ्चालक समितिको विभिन्न निर्णयको कार्यान्वयन स्थिति पुनरावलोकन तथा प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्यांकनमा बैंकको नेतृत्व जवाफदेही नभएको अवस्था छ । केही बैंकहरूको कर्जाको जोखिम भार र पूँजी कोष अनुपात गणनामा समेत कमजोरी भएर लगानीकर्ताहरूमा गलत वित्तीय स्वास्थ्य स्थितिको सञ्चार भएको छ । कर्जा मूल्यांकन पद्धतिमा भएको कमजोरीले गर्दा आवश्यकताभन्दा अधिक कर्जा प्रवाह भएको अवस्था छ । बैंकका ग्राहक,

क्रमशः

कर्मचारी, व्यवस्थापन तथा सञ्चालक समिति सम्बद्ध जालसाजीयुक्त बैंकिङ क्रियाकलापहरू बढ्दै गएको कारण केही व्यक्तिहरू पक्राउ परी छानबिनको दायरामा समेत रहेको अवस्था प्रतिवेदनले देखाएको छ ।

उपरोक्त पृष्ठभूमिलाई मध्यनजर राख्दै बैंकको जोखिम व्यवस्थापन पद्धतिलाई सुदृढ गर्न, कर्जा मूल्यांकन पद्धतिमा सुधार ल्याउन तथा नियमनकारी व्यवस्थाको पूर्ण पालना गर्न/गराउन के-कस्ता सुझावहरू दिनुहुन्छ? प्रस्तुत गर्नुहोस् । ५+५+५=१५

(Most of the recent bank supervision reports have shown the numerous challenges plaguing the banking sector in Nepal. Bank's carelessness, fraudulent activities, misuse of funds, non-compliance with regulations and poor risk management practices have weakened the stability and credibility of the financial system. Due to the excessive focus of bank's board of directors on loan evaluation and approval, assessing risks associated with loan is in shadow. In addition, the leadership of banks is not found accountable for reviewing implementation status of various decisions of board of director and CEO performance appraisal. Some banks have failed to assign appropriate risk weights to their loan exposures, allowing them to overstate capital adequacy ratio and mislead investors about their true financial health. The gaps in loan assessment practices have resulted in over-financing. Due to increasing fraudulent banking activities involving customers, staffs, management and even board members, some individuals have been arrested and are under investigation.

Keeping these in background, what remedies would you recommend for strengthening the risk management frameworks, improving loan assessment practices and ensuring compliance with regulatory guidelines of banks? Present.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (वाणिज्य कानून) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१०

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **Banking Laws and Internal Management**

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड "क" — ५० अङ्क

**(प्रश्न नं. १, २ र ५ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं. ३, ४, ६ र ७ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले मौद्रिक तथा वित्तीय स्थायित्व सुनिश्चित गर्न नेपाल राष्ट्र बैंकलाई के-कस्तो अधिकार प्रदान गरेको छ? उल्लेख गर्नुहोस् । ५
(What powers has Nepal Rastra Bank Act, 2058 provided to Nepal Rastra Bank for ensuring monetary and financial stability? State.)

२. नेपालमा बैंक तथा वित्तीय संस्थाहरू वर्गीकरणका मुख्य आधारहरूको व्याख्या गर्नुहोस् । ५
(Explain the basic criteria for classifying banks and financial institutions in Nepal.)

३. नेपालमा बैंकहरूबाट प्रवाह भएको ऋण असुली सहजीकरणका लागि कानूनले तोकिदिएको नेपाल राष्ट्र बैंकको भूमिका तथा जिम्मेवारीहरू प्रस्तुत गर्नुहोस् । ५
(Present the roles and responsibilities of Nepal Rastra Bank prescribed by law to facilitate the recovery of loans provided by banks in Nepal.)

४. विदेशी विनिमय व्यवस्थापनका सन्दर्भमा हाल नेपालले अवलम्बन गरेको विदेशी विनिमय दर प्रणालीको औचित्यसहित चर्चा गर्नुहोस् । ५
(Discuss with rationale the foreign exchange rate regime currently adopted by Nepal for managing foreign exchange.)

५. नेपालमा बैंकहरूको खारेजीका लागि स्थापित नियामक ढाँचा के हो? खारेजी प्रक्रियाका महत्त्वपूर्ण चरणहरू उल्लेख गर्नुहोस् । ४+६=१०
(What regulatory framework is in place for liquidating banks in Nepal? Explain important steps involved in liquidation process.)

६. बैंक तथा वित्तीय संस्थाले गाभ्ने, गाभिने र प्राप्त गर्ने सम्बन्धमा सम्झौता गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार खुलाउनुपर्ने वित्तीय विवरणहरूको व्याख्या गर्नुहोस् । १०
(Explain the financial particulars banks and financial institutions require to disclose as per Banks and Financial Institutions Act, 2073 while signing the agreement for merger and acquisition.)

७. नेपालको सन्दर्भमा बासेलले जारी गरेका प्रभावकारी बैंकिङ सुपरिवेक्षणका मूलभूत सिद्धान्तहरूको संक्षिप्त टिप्पणी प्रस्तुत गर्नुहोस् । १०
(Make a short commentary on Basel Core Principles for effective banking supervision with reference to Nepal.)

खण्ड "ख" ५० अङ्क

**(प्रश्न नं. ८, ९, १२ र १३ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं. १०, ११ र १४ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)**

८. नेपालमा स्थापना भएको कुनै कम्पनीले विदेशी मुलुकको पूँजीबजारमा ऋणपत्र जारी गरी विदेशी मुद्रा प्राप्त गर्ने सम्बन्धी प्रक्रिया र त्यसका कठिनाइहरूबारे संक्षिप्त टिप्पणी गर्नुहोस् । ५
(Comment briefly on the process and problems involved in obtaining foreign currency by Nepali company through the issuance of bonds in a foreign capital market.)

९. विश्व व्यापार संगठनको संक्षिप्त परिचय दिंदै विकासोन्मुख मुलुकहरूको आर्थिक विकासमा यस संगठनले खेल्नसक्ने भूमिकाहरू औंल्याउनुहोस् । ५
(Briefly introduce World Trade Organization and point out the roles this organization could play to accelerate the economic growth of developing nations.)

१०. नेपाल राष्ट्र बैंकको वर्तमान कर्मचारी सेवा विनियमावलीबमोजिम त्यहाँ कार्यरत कर्मचारीलाई दिइने विभागीय कारबाहीका प्रकारहरू उल्लेख गर्दै ती विभागीय कारबाही गर्ने आधारहरू खुलाउनुहोस् । २+३=५
(Based on the existing Personnel Administration Regulations of Nepal Rastra Bank, list out the different kinds of disciplinary actions applicable to its employees and mention the bases for those disciplinary actions.)

११. नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको गठन कसरी हुन्छ? छलफल गर्नुहोस् । ५
(How is the Board of Directors of Nepal Rastra Bank constituted? Discuss.)

१२. आवश्यक कानूनी व्यवस्था र संरचनाका बावजूद नेपालको बैंक तथा वित्तीय संस्थाहरूमा अपेक्षित मात्रामा विदेशी लगानी तथा प्रविधि भित्रिन नसक्नुका कारणहरू उदाहरणसहित चर्चा गर्नुहोस् । १०
(Discuss the reasons for inadequate inflow of foreign investment and technology into Nepal's Banks and Financial Institutions, despite the existence of the requisite legal frameworks and structures, with specific examples.)

१३. नेपालको बैंकिङ तथा वित्तीय क्षेत्र विकासमा अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को भूमिका चर्चा गर्नुहोस् । १०
(Discuss the role of International Monetary Fund (IMF) in the development of banking and financial sector in Nepal.)

१४. सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को प्रचलन पछि नेपाल राष्ट्र बैंकले सरकारलाई सार्वजनिक ऋण व्यवस्थापनमा कसरी सहयोग पुऱ्याउन सक्ने देख्नुहुन्छ? साविकमा नेपाल राष्ट्र बैंकले यस सम्बन्धी कार्य गर्दै आइरहेकोमा सरकारी संयन्त्रमार्फत सार्वजनिक ऋण व्यवस्थापन गर्नुपर्नाको औचित्य व्याख्या गर्दै यस कार्यमा आउन सक्ने समस्या पहिचान गर्नुहोस् र तिनको समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । ३+२+२+३=१०
(How could Nepal Rastra Bank remain helpful to the government to manage public debt after the enactment of Public Debt Management Act, 2079? Explain the rationale of entrusting this task to the dedicated government agency as it lay with Nepal Rastra Bank earlier. Identify the challenges while managing this task by government agency and provide the mitigating measures.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (वाणिज्य कानून) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।११

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : Commercial Law

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

५० अङ्क

**(प्रश्न नं. १, ३ र ५ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं. २, ४, ६ र ७ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)**

१. कुनै बैंकले जमानत करारमार्फत आफ्नो ग्राहकको तर्फबाट कसैलाई बैंक जमानत उपलब्ध गराएको रहेछ । एउटा जमानतकर्ताको रूपमा बैंकका कानूनी दायित्वहरू के के हुन सक्छन्? त्यस्ता दायित्वहरू कहिले उत्पन्न हुन्छन्? लेख्नुहोस् । ५

(Through a guarantee contract, a bank has provided a bank guarantee to someone on behalf of its client. What could be the legal obligations of the bank as a surety and when do such obligations arise? Write.)

२. मुलुकी देवानी संहिता, २०७४ बमोजिम मुख्य व्यक्तिका तर्फबाट प्रतिनिधिले गरेका के-कस्ता कार्यमा प्रतिनिधि स्वयं व्यक्तिगत रूपमा जिम्मेवार बन्नुपर्छ? खुलाउनुहोस् । ५

(According to the National Civil Code, 2074, in what circumstances does an agent become personally liable to any act he/she has performed on behalf of the principal? Mention.)

३. वाणिज्य बैंकहरूले एक कम्पनीको रूपमा वार्षिक साधारण सभा बोलाउनुपर्ने समयसीमा र त्यस्तो सभा नबोलाएमा शेयरधनीहरूलाई प्राप्त उपचारहरूका सम्बन्धमा उपयुक्त उदाहरणसहित प्रकाश पार्दै यस सम्बन्धी कानूनी व्यवस्थाहरू समेत उल्लेख गर्नुहोस् । ५

(Illustrate with suitable examples the time frame within which the commercial banks as public companies are required to convene their Annual General Meeting (AGM) and the remedies available to the shareholders if they fail to call such AGM referring to the relevant legal provisions to support your answer.)

४. नेपालमा कम्पनी संस्थापना गर्न पूरा गर्नुपर्ने कार्यविधि उल्लेख गर्दै कम्पनी संस्थापनामा देखिएका समस्यासमेत केलाउनुहोस् । ५

(Mention the procedures to be completed to incorporate a company in Nepal and also explain the problems encountered in the incorporation of a company.)

५. वाणिज्य कानून भनेको के हो? निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ बमोजिम गठन हुने व्यापार सहजीकरण तथा पारदर्शिता ईकाइको काम, कर्तव्य र अधिकार उल्लेख गर्दै यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । ३+४+३=१०

(What is commercial law? Explain the functions, duties and powers of the Trade Facilitation and Transparency Unit formed under the Export and Import (Control) Act, 2013 and highlight its importance.)

६. नेपाल धितोपत्र बोर्डले धितोपत्र कारोबारका लागि के-कस्ता कानूनी व्यवस्था गरेको छ? सो बोर्डले धितोपत्र कारोबार नियमनका के-कस्ता नियमावलीहरू बनाउन सक्छ? बनाउने विधिसमेत लेख्नुहोस् । ४+३+३=१०

(What are the legal arrangements for the regulation of securities trading in Nepal? What type of regulations can the Securities Board of Nepal make for regulating securities transactions? Also, write the method of making those.)

७. केही वर्षदेखि हस्तकलाको सानो व्यवसाय गरिरहेका दुई साझेदारहरू आफ्नो व्यवसायलाई विस्तार गर्न चाहन्छन् । एक वित्तीय परामर्शदाताले उनीहरूको विद्यमान व्यवसायलाई शेयरहरूद्वारा सीमित कम्पनीमा परिणत गर्न सुझाव दिएका छन् । तर, यो परिवर्तन उनीहरूको व्यवसायका लागि उपयुक्त हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा उनीहरू निश्चिन्त छैनन् । यस्तो अवस्थामा ती साझेदारहरू उनीहरूको व्यवसायलाई कम्पनीमा परिणत गर्दा हुने फाइदा एवम् सम्भावित बेफाइदाहरूका सम्बन्धमा तपाईंको कानूनी राय चाहन्छन् । सम्बद्ध कानूनी व्यवस्था एवम् अदालतहरूबाट स्थापित सिद्धान्तहरू समेतका आधारमा उनीहरूलाई कानूनी राय दिनुहोस् । १०

(Two partners, who have been running a small handicraft business for few years, plan to expand their business. A financial consultant has advised them to convert their business into a limited company by issuing shares. But they are not sure whether this change is suitable for their business. In this situation, these partners are seeking your legal opinion on the advantages and possible disadvantages of converting their business into a company. Provide your legal opinion to them on these issues with reference to relevant legal provisions and the principles established by the courts.)

## खण्ड "ख" ५० अङ्क

**(प्रश्न नं. ८, ९, १२ र १३ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं. १०, ११ र १४ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)**

८. विवाद समाधानका लागि मेलमिलापको महत्त्वमाथि प्रकाश पार्नुहोस् । नेपालमा यसको प्रभावकारी प्रयोग सुनिश्चित गर्न गर्नुपर्ने कानूनी सुधारका लागि सुझाव दिनुहोस् । २+३=५

(Shed light on the importance of mediation for resolving disputes and suggest the legal reforms that need to be carried out in order to ensure its effective use in Nepal.)

९. अन्तर्राष्ट्रिय व्यापार सहजीकरणको सन्दर्भमा अन्तर्राष्ट्रिय व्यापार कानूनसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (UNCITRAL) को भूमिका उल्लेख गर्दै नेपालमा यसका प्रभावहरू उल्लेख गर्नुहोस् । ३+२=५

(Describe the role of United Nations Commission on International Trade Laws (UNCITRAL) in terms of international trade facilitation and mention its effects in Nepal.)

१०. बैंकिङ व्यवसायसँग सम्बन्धित मुख्य साइबर अपराधहरूको पहिचान गर्नुहोस् । त्यस्ता अपराधहरूको नियन्त्रणको लागि प्रचलित नेपाल कानूनमा भएका व्यवस्थाहरूको विवेचना गर्नुहोस् । २+३=५

(Identify the main cyber crimes related to banking business. Analyze the provisions made in the prevailing laws of Nepal in order to control such crimes.)

११. डिजिटल हस्ताक्षर भनेको के हो? विद्युतीय कारोबार ऐन, २०६३ अनुसार विद्युतीय स्वरूपमा गैरकानूनी कुरा प्रकाशन गर्नेलाई कति सजाय हुन्छ? उल्लेख गर्नुहोस् । २+३=५
(What is digital signature? According to the Electronic Transactions Act, 2063, how much penalty is there for those who publish unlawful matter in electronic form? Mention.)

१२. मध्यस्थता ऐन, २०५५ बमोजिम मध्यस्थका अधिकार के के रहेका छन्? बैंक तथा वित्तीय संस्थाको नियमनका सन्दर्भमा यस ऐनको आवश्यकताका बारेमा लेख्नुहोस् । ५+५=१०
(Elaborate the powers of an arbitrator as stated in the Arbitration Act, 2055. Discuss its applicability with reference to regulation of banks and financial institutions.)

१३. विश्व व्यापार संगठनले व्यापार विविधीकरणमा कस्तो प्रभाव पारेको छ? यसबाट नेपालले के-कस्ता लाभ लिन सकेको छ? चर्चा गर्नुहोस् । ५+५=१०
(What impact has the World Trade Organization made on trade diversification? What benefits has Nepal been able to derive from it? Discuss.)

१४. नेपालमा विद्युतीय व्यापार (इ-कमर्श) ऐन, २०८१ किन ल्याउनु परेको हो? विद्युतीय व्यापार (इ-कमर्श) ऐन, २०८१ का मुख्य मुख्य विशेषताहरू उल्लेख गर्नुहोस् । ३+७=१०
(Why is it necessary to introduce Electronic Commerce (E-Commerce) Act, 2081 in Nepal? Mention the salient features of the Electronic Commerce (E-Commerce) Act, 2081.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक (वाणिज्य कानून) पदको खुला

प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१२

पत्र : तृतीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

## विषय : समस्याको पहिचान र समाधान

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क"

४० अङ्क

**(प्रश्न नं. १ र २ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं. ३ र ४ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)**

१. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले 'नियममा आधारित' दृष्टिकोणबाट 'जोखिममा आधारित' दृष्टिकोणतर्फ रूपान्तरण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । जोखिममा आधारित दृष्टिकोण प्रयोग गरी नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरूको प्रभावकारी रूपमा कसरी सुपरिवेक्षण गर्न सक्छ? समालोचनात्मक विश्लेषण गर्नुहोस् । साथै, राष्ट्रिय जोखिम मूल्यांकनको आधारमा एक वरिष्ठ अधिकृतले प्राप्त सुपरिवेक्षकीय स्रोत-साधनहरूलाई कसरी प्राथमिकता निर्धारण गर्नुपर्छ? व्याख्या गर्नुहोस् । ६+४=१०

(The Money Laundering Prevention Act, 2064 mandates a transition from a 'Rule-Based' to a 'Risk-Based' approach. Critically analyze how Nepal Rastra Bank can effectively supervise financial institutions using the Risk Based Approach (RBA). Moreover, how should a senior officer prioritize available supervisory resources based on the National Risk Assessment (NRA)? Explain.)

२. नेपालको एक इजाजत प्राप्त Money Service Business (MSB) ले द्वन्द्वग्रस्त क्षेत्रमा रहेका व्यक्तिहरूलाई साना तर बारम्बार रकम पठाउने निर्देशन प्राप्त गर्दछ । पठाउने व्यक्तिले उक्त रकम "humanitarian assistance" का लागि भएको दाबी गर्दछ ।

नाम जाँच गर्दा एक लाभग्राहीको नाम आंशिक रूपमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् (UNSC) को आतंकवादसम्बन्धी प्रतिबन्ध सूचीसँग मेल खान जान्छ । MSB ले कारोबार स्थगित गरेको छ तर अब के गर्ने भन्नेमा अन्योल छ ।

यस सन्दर्भमा निम्न प्रश्नहरूको जवाफ दिनुहोस् । २+४+४=१०

क) Financial Action Task Force (FATF) का आधारमा Money Laundering र Terrorist Financing बिचको फरक स्पष्ट गर्नुहोस् ।

ख) FATF सिफारिस ६ र नेपालको CFT कानूनअनुसार MSB को कानूनी दायित्व के के हुन्?

ग) निम्न विषयमा लिनुपर्ने कदमहरू उल्लेख गर्नुहोस् ।

- सम्पत्ति रोक्का
- सम्बन्धित निकायमा प्रतिवेदन
- नाम मिल्दा (false positive) अपनाउनुपर्ने प्रक्रिया

(A licensed money service business (MSB) in Nepal receives instructions to transfer continuously small amounts to individuals located in a conflict-affected region. The sender claims the money is for "humanitarian assistance".

During screening, one of the beneficiaries' name partially matches a name listed under UN Security Council sanctions related to terrorism. The MSB halts the transaction but unsure about further steps.

क्रमशः

In this context, answer the following questions.

a) Clarify how terrorist financing differs from money laundering, with reference to FATF.

b) What are the legal obligations of the MSB under FATF Recommendation 6 and Nepali CFT provisions?

c) Mention the actions that should be taken regarding:
   - Freezing of assets
   - Reporting to competent authorities
   - Dealing with name matches and false positives)

३. नेपालमा डिजिटल बैंकिङ र मोबाइल वालेट सेवाहरूको उदयसँगै धेरै ग्राहकहरूले व्यक्तिगत रूपमा बैंक वा वित्तीय संस्थाको सम्बन्धित शाखामा नै नगई खाता खोल्छन् वा कारोबार गर्छन् । यसले बैंकहरूलाई ग्राहकको पहिचान सुनिश्चित गर्न र KYC/CDD सम्बन्धी नीतिगत व्यवस्थाहरूको पालना सुनिश्चित गर्न चुनौतीहरू सिर्जना गर्दछ । डिजिटल वित्तीय सेवालाई प्रवर्धन गर्ने सम्बन्धमा भएका नीतिगत व्यवस्थाको समीक्षा गर्दै आमनेसामने नहुने ग्राहकहरूसँग गरिने कारोबारमा हुन सक्ने जोखिमहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न वित्तीय संस्थाहरूले के-कस्ता उपायहरू अपनाउनु पर्छ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् । ४+६=१०

(With the rise of digital banking and mobile wallet services in Nepal, many customers open accounts or conduct transactions without ever visiting a branch in person. This creates challenges for banks in verifying identities and ensuring compliance with KYC/CDD requirements. Reviewing the existing policy regarding promoting digital financial service, what measures should financial institutions adopt to effectively manage risks associated with non-face-to-face transaction with customers? Provide your opinion.)

४. राजनीतिक रूपमा प्रभावशाली व्यक्ति (Politically Exposed Persons - PEPs) सँग बैंकिङ सम्बन्ध स्थापना गर्दा उच्च व्यवस्थापनको स्वीकृति कानूनी रूपमा अनिवार्य गरिएको छ । स्वदेशी तथा विदेशी PEPs का सन्दर्भमा आवश्यक 'बृहत ग्राहक पहिचान' का उपायहरूको समालोचनात्मक छलफल गर्नुहोस् । साथै, अनुसन्धान जारी रहेको अवस्थामा 'सूचना चुहावट' बाट उत्पन्न हुन सक्ने प्रतिष्ठागत जोखिमहरूको विश्लेषण गर्नुहोस् । ५+५=१०

(Senior management approval is a statutory requirement for establishing relationships with Politically Exposed Persons (PEPs). Critically discuss the 'Enhanced Due Diligence' (EDD) measures required for domestic vs. foreign PEPs and analyze the reputational risks associated with 'Tipping Off' during an ongoing investigation.)

खण्ड "ख" ६० अङ्क

(प्रश्न नं. ५ र ६ को उत्तर अनिवार्य रूपमा नेपाली भाषामा तथा प्रश्न नं ७ र ८ को उत्तर अनिवार्य रूपमा अंग्रेजी भाषामा लेख्नुपर्ने छ ।)

५. बाँके जिल्ला, नाका टोल, नेपालगञ्ज न.पा. वडा नं. १७ बस्ने श्री टण्डन टेक्सटाइल प्रा.लि. बाँकेको संस्थापक तथा सञ्चालक श्री कृष्ण गोपाल टण्डन समेत विरूद्ध नेपाल राष्ट्र बैंक, काठमाडौं समेत (ने.का.प. २०६० निर्णय नं. ७२९५) मुद्दामा सर्वोच्च अदालतले गरेको फैसला सन्दर्भमा देहायका प्रश्नहरूको उत्तर लेख्नुहोस् । ५+५+५=१५

क) प्रचलित कानूनअन्तर्गत निवेदकको उपर्युक्त मुद्दामा के के दावीहरू छन्? साथै तथ्यहरू के के छन्?

ख) सञ्चालक समिति, क्षेत्रीय कार्यालय र नेपाल औद्योगिक विकास संस्थानले लिखित जवाफमा प्रस्तुत गरेका तथ्यहरू स्पष्ट गर्नुहोस् ।

ग) यो मुद्दामा सर्वोच्च अदालतले स्थापित गरेका नजिरहरू के के छन्?

(On the basis of the judgement of the Supreme Court of Nepal in the case of Mr. Krishna Gopal Tandon, resident of Nakatole, Nepalgunj Municipality, Ward No. 17, Banke District, Director, Promoter of Tandon Textiles Pvt. Ltd. et.al vs. Nepal Rastra Bank (NKP 2060, D.No. 7295), answer the following questions.

a) What are the facts and claims of the Plaintiff in the aforesaid case under the prevalent statutes?

b) Elucidate the facts mentioned in the written statement submitted by the Board of Directors, Regional Office, Nepalgunj and General Manager of NIDC.

c) What are the precedents established by the Supreme Court in this case?)

६. कुनै ऋणीले घरजग्गा धितो राखि ऋण लिएकोमा समयमा तिर्नुपर्ने सावाँ ब्याज नतिरेको कारण धितो लिलाम गरी ऋण चुक्ता असुल उपर गर्न लिलाम प्रक्रिया अधि बढाएकोमा लिलाम सकार गर्न कोही पनि नआएको कारण बैंक आफैले गैरबैंकिङ सम्पत्तिको रूपमा आफ्नो नाममा (दाखिल खारेज) ल्याएको अवस्थामा (धितो) ऋण रकमभन्दा कम मूल्यमा दाखिल खारेज गराएको अवस्थामा उक्त दाखिल खारेजको कानूनी अवस्था के-कस्तो हुन्छ? यसरी ऋणीलाई सूचना नदिई ऋण रकमभन्दा कम रकममा सकार गरेको अवस्थामा सोको कानूनी अवस्था के-कस्तो हुने हो? केशव किसी समेत विरूद्ध इन्टरनेशनल लिजिङ्ग एण्ड फाईनान्स कम्पनी लि. समेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दा ने.का.प. २०५८ अंक ४ नि.नं. ६९८६ पृ. १३९ को आधारमा आफ्नो भनाई राख्नुहोस् । १५

(When a borrower pledges his/her land and house property as collateral and fails to pay the due amount and interest on time, the bank proceeds with the action of recovery from the collateral. If the action is unsuccessful and the bank then registers the property in its own name at a price lower than the owed amount, what are the legal implications of that situation? Additionally, the borrower is not informed and the collateral is taken at a value less than the owed amount, what are the legal consequences in that scenario? Provide your opinion based on the relevant legal precedent such as NKP 2058 number 4 Decision No. 6986 Page 139 Keshab Kisi vs. International Leasing and Finance Company.)

७. धितो रहेको सम्पत्तिबाट ऋण असुल हुन नसकेमा ऋणीको नाममा रहेको अन्य सम्पत्तिबाट ऋण असुल गर्न मिल्छ वा मिल्दैन? सो सम्बन्धी कानूनी व्यवस्था संक्षिप्तमा प्रकाश पार्दै परिवारका सदस्यको नाममा रहेको फर्मको ऋण बापत निजको नातेदारबाट असुल गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा विष्णु प्रसाद उपाध्याय विरूद्ध राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय सुर्खेत समेत (ने.का.प. २०५९, नि.नं. ७१३८) भएको रिट निवेदनको तथ्य, संवैधानिक हक, पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको विवेचना गर्दै कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्नुहोस् । ती समस्या समाधानका लागि राय प्रस्तुत गर्नुहोस् । १५

(If a loan cannot be fully recovered from the mortgaged property, is it permissible to recover the loan from other assets owned by the debtor? Briefly elucidate the legal provision in this regard and discuss whether a loan obtained by a firm registered in a family member's name can be recovered from their relatives. In this context, analyze the facts, constitutional rights and the principles established by the Full Bench in the writ case of Bishnu Prasad Upadhyaya vs. Rastriya Banijya Bank, Surkhet Branch, et. al. (NPK 2059, Decision No. 7138) and identify the problems encountered during implementation. Suggest measures for their resolution.)

८. बैंक तथा वित्तीय संस्थाले गरेको ऋण तथा ऋण लगानीको असुलीका सम्बन्धमा उमा अग्रवाल वि. नेपाल बैंक लिमिटेड समेतको चर्चित मुद्दा (नि.नं. ३९१७) मा सर्वोच्च अदालतबाट के-कस्तो न्यायिक सिद्धान्त प्रतिपादन भएको छ? मुद्दाको संक्षिप्त विवरण प्रस्तुत गर्नुहोस् । साथै, यसले बैंकिङ क्षेत्रमा पारेको प्रभाव संक्षिप्तमा चर्चा गर्नुहोस् । १०+५=१५

(What judicial principles were laid down by the Supreme Court in regard to loan investment and recovery of loan made by a bank or financial institution in the famous case of Uma Agrawal vs. Nepal Bank Limited and other were parties (Judgement No. 3917)? Present description of the case. And, explain its impact on banking sector.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१३

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : **Banking, Accounting, Mathematics and Information Technology**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

४० अङ्क

१. वाणिज्य बैंक र वित्तीय संस्थाहरूलाई नियमन गर्ने नेपाल राष्ट्र बैंकले गर्ने विभिन्न कार्यहरू उल्लेख गर्नुहोस् । ५

(Mention the various functions performed by Nepal Rastra Bank to regulate commercial banks and financial institutions.)

२. नेपालमा बैंकिङ क्षेत्रको आधुनिकीकरण प्रक्रियामा डिजिटल बैंकिङ, मोबाइल वालेट र फिनटेक कम्पनीहरूको उदयले वित्तीय प्रणालीको स्वरूपमा ल्याएका सकारात्मक तथा नकारात्मक परिवर्तनहरू उल्लेख गर्नुहोस् । ५

(Mention the positive and negative changes brought to the structure of the financial system by the emergence of digital banking, mobile wallets and fintech companies in the process of modernization of the banking sector in Nepal.)

३. वित्तीय साक्षरता र वित्तीय समावेशीकरणले व्यक्तिगत र सामाजिक जीवनमा पार्ने प्रभाव वर्णन गर्नुहोस् । राष्ट्रियस्तरमा वित्तीय साक्षरता बृद्धि गर्न कुन कुन निकायको कस्तो भूमिका रहन्छ? लेख्नुहोस् । ४+६=१०

(Describe the impact of financial literacy and financial inclusion in the personal and social life. Write the role of various institutions to raise the awareness on financial literacy at the national level.)

४. प्रतितपत्रको प्रयोगमा आउन सक्ने जोखिमहरू उल्लेख गर्दै ती जोखिमहरूको न्यूनीकरण गर्न बैंकहरूले अपनाउनुपर्ने सावधानीहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

(Mention the risks that may arise in the use of Letter of Credit (L/C) and present the precautions banks should adopt to minimize those risks.)

५. नेपालको बैंकिङ तथा वित्तीय प्रणालीमा मर्जर र प्राप्ति तथा प्रविधिको विकासले के-कस्तो असर पारेको छ? वर्णन गर्नुहोस् । ५+५=१०

(What are the effects of merger and acquisitions and technology development on banking and financial system of Nepal? Describe.)

## खण्ड "ख"

३० अङ्क

६. हिसाब मिलानका सामान्य सिद्धान्तहरू उल्लेख गर्दै यसको महत्त्वमाथि प्रकाश पार्नुहोस् । २+३=५

(Point out the general principles of reconciliation and highlight its importance.)

७. घट्दो मूल्य विधिको प्रयोग गरी ह्रासकट्टी कसरी गणना गरिन्छ? उदाहरणसहित वर्णन गर्नुहोस् । ५

(How is depreciation calculated using the reducing balance method? Illustrate with an example.)

८. वित्तीय अनुपात विश्लेषणले व्यवसायको समग्र वित्तीय स्वास्थ्य मूल्यांकनमा कसरी सहयोग पुऱ्याउँछ? नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा यस्ता अनुपातहरूको विश्लेषणको प्रभावकारिता वर्णन गर्नुहोस् । ६+४=१०

(How does Financial Ratio Analysis help in assessing the overall financial health of a business? Describe the effectiveness of using such ratio analysis in Banks and Financial Institutions of Nepal.)

९. नेपाल लेखामान (NAS) र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बिचका मुख्य अन्तरहरू लेख्नुहोस् । नेपाल वित्तीय प्रतिवेदनमानको कार्यान्वयनबाट बैंक तथा वित्तीय संस्थामा देखिएका प्रभावहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

(Point out the key.differences between Nepal Accounting Standards (NAS) and Nepal Financial Reporting Standards (NFRS). Present the impact of NFRS implementation in Banks and Financial Institutions.)

## खण्ड "ग" २० अङ्क

१०. एक किसानले रू. १,५०,००० एक बैंकको मुद्दती खातामा २ वर्षका लागि १०% प्रति वर्षका दरले अर्ध-वार्षिक चक्रीय ब्याज पाउने गरी जम्मा गरे । २ वर्षको अन्त्यमा प्राप्त भएको जम्मा रकम (सावाँ + ब्याज) बाट उनले एउटा ट्र्याक्टर किने । यदि उक्त ट्र्याक्टरको मूल्य प्रति वर्ष ५% का दरले ह्रास हुन्छ भने, अर्को २ वर्षपछि ट्र्याक्टरको मूल्य कति हुनेछ? पत्ता लगाउनुहोस् । २.५+२.५=५

(A farmer deposits Rs. 1,50,000 in fixed deposit of a bank for 2 years at an interest rate of 10% per annum, compounded semi-annually. At the end of 2 years, the farmer uses the total amount (principal + interest) to buy a tractor. If the value of the tractor depreciates at a rate of 5% per year, calculate the value of the tractor after the next 2 years.)

११. क्रय मूल्य, बिक्रय मूल्य र अंकित मूल्यको सम्बन्ध के हो? एकजना व्यापारीले क्रय मूल्यमा २५% थपेर १०% छुट दिन्छ । सो व्यापारीले नाफा वा घाटा के गर्छ? पत्ता लगाउनुहोस् । २+३=५

(What is the relation between cost price, selling price and marked price? A shopkeeper marks an article 25% above the cost price and allows a discount of 10%. Find out whether the shopkeeper makes a profit or loss.)

१२. तल दिइएको तथ्यांकबाट मध्यिका र बहुलक/रित पत्ता लगाउनुहोस् । २.५+२.५=५

(Find the value of median and mode from the data given below.)

| श्रेणी अन्तर (Class interval) | 30-40 | 40-50 | 50-60 | 60-70 | 70-80 | 80-90 | 90-100 |
|---|---|---|---|---|---|---|---|
| बारम्बारता (Frequency) | 3 | 5 | 7 | 11 | 10 | 3 | 1 |

१३. दिइएको तथ्यांकबाट Laspeyres विधि र Paasche विधि प्रयोग गरी मूल्य सूचकांक पत्ता लगाउनुहोस् । ५

(Using Laspeyres method and Paasche method, find the Price Index Number from the given data.)

| Items | Base Year data | | Current year data | |
|---|---|---|---|---|
| | $p_0$ | $q_0$ | $p_1$ | $q_1$ |
| A | 1 | 10 | 1.5 | 8 |
| B | 5 | 12 | 6.0 | 10 |
| C | 8 | 5 | 10.0 | 2 |

क्रमशः

खण्ड "घ" १० अङ्क

१४. संगठनमा कार्यालय प्रणालीको प्रयोग उल्लेख गर्नुहोस् । अपरेटिङ सिस्टमका कुनै दुई मुख्य कार्यहरू बयान गर्नुहोस् । ३+२=५

(Mention the applications of an office system in an organization. Explain any two major functions of an operating system.)

१५. संगठनमा सूचना प्रविधि सुरक्षाको लागि अवलम्बन गर्न सकिने उपायहरूको सूची तयार गर्नुहोस् । ५

(List out the various measures that may be adopted for IT security in an organization.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।१२।१४

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट

पूर्णाङ्क : १००

विषय : Economics, Management and Laws

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

खण्ड "क" ४० अङ्क

१. लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्न नेपाल राष्ट्र बैंकले चाल्नुपर्ने व्यावहारिक कदमहरू उल्लेख गर्नुहोस् । ५
(Mention the measures that Nepal Rastra bank should take to attract investment into productive sectors.)

२. नेपालको वित्तीय क्षेत्रमा देखिएका चुनौतीहरू उल्लेख गर्दै ती चुनौती सामना गर्न IMF को भूमिका वर्णन गर्नुहोस् । २+३=५
(Mention the challenges seen in financial sector of Nepal and describe the role of IMF to resolve those challenges.)

३. मौद्रिक नीतिका प्रत्यक्ष र अप्रत्यक्ष उपकरणहरू के के हुन्? वित्तीय क्षेत्रको स्थायित्वको लागि मौद्रिक नीतिले कसरी भूमिका खेलेको हुन्छ? लेख्नुहोस् । ४+६=१०
(What are direct and indirect instruments of monetary policy? How monetary policy plays role for the stability of financial sector? Write.)

४. आर्थिक विकासलाई परिभाषित गर्नुहोस् । नेपालको आर्थिक विकासको विद्यमान अवस्था चित्रण गर्नुहोस् । ३+७=१०
(Define economic development. Draw the present situation of economic development of Nepal.)

५. कुल गार्हस्थ उत्पादन र कुल राष्ट्रिय उत्पादनका बिचमा के के फरक छन्? नेपालको कुल गार्हस्थ उत्पादनमा उपभोग, बचत र लगानीको सम्बन्ध चर्चा गर्नुहोस् । ५+५=१०
(What are the differences between Gross Domestic Product (GDP) and Gross National Product (GNP)? Discuss the relationship among consumption, saving and investment in GDP of Nepal.)

खण्ड "ख" ३० अङ्क

६. परम्परागत फाइल प्रणालीलाई विस्थापित गर्दै वर्तमान सूचना प्रविधिको प्रयोग गरी अभिलेखलाई कसरी सुरक्षित र व्यवस्थित बनाउन सकिन्छ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् । ५
(How can records be made secure and organized by utilizing current information technology to replace traditional filing systems? Present with examples.)

७. कार्यसम्पादन मूल्यांकन भनेको के हो? वित्तीय संस्थामा सहायक कर्मचारीको कार्यसम्पादन मूल्यांकनका आधारहरू के के हुन सक्दछन्? लेख्नुहोस् । २+३=५
(What is performance appraisal? What are the criteria of performance appraisal for assistant level employee/staff in financial institution? Write.)

८. औद्योगिक सम्बन्ध भनेको के हो? औद्योगिक प्रतिष्ठानमा असल औद्योगिक सम्बन्ध कायम गर्ने उपायहरू बताउनुहोस् । ३+७=१०
(What is industrial relation? Present the approaches to establish good and harmonic industrial relation in industry.)

क्रमशः

९. उत्प्रेरणाको सैद्धान्तिक पक्षउपर प्रकाश पार्नुहोस् । नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा कर्मचारी उत्प्रेरणासम्बन्धी भएका व्यवस्थाहरू उल्लेख गर्नुहोस् । ५+५=१०
(Shed light on the theoretical aspect of motivation. Write down the provisions regarding motivation in the Nepal Rastra Bank Employee Service Bylaw.)

## खण्ड "ग"

३० अङ्क

१०. नेपालको संविधानमा उल्लेखित "राज्यका आर्थिक नीतिहरू" ले नेपालको अर्थतन्त्रलाई आत्मनिर्भर र उन्नत बनाउन कसरी मार्गनिर्देशन गरेका छन्? उल्लेख गर्नुहोस् । ५
(How do the 'Economic Policies of the State' mentioned in the Constitution of Nepal provide guidance to make Nepal's economy self-reliant and advanced? Mention.)

११. कस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले कुनै बैंक वा वित्तीय संस्थाको संस्थापना गर्न वा विदेशी बैंक वा वित्तीय संस्थाको शाखा कार्यालय खोल्नका लागि पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछ? लेख्नुहोस् । ५
(In which circumstances may Nepal Rastra Bank deny to grant prior approval for incorporation of any bank or financial institution and for opening branch office of the foreign bank or financial institution? Write down.)

१२. विदेशी विनिमयमा भुक्तानी हुने गरी पैठारी गर्ने पैठारीकर्ताको दायित्व के के रहेका छन्? उल्लेख गर्नुहोस् । ५
(What are the duties of an importer who makes payment in foreign exchange for imports? Present.)

१३. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को उद्देश्य उल्लेख गर्नुहोस् । ५
(Write down the objectives of Bank and Financial Institution Merger and Acquisition Bylaws, 2073.)

१४. सम्पत्ति शुद्धीकरण भनेको के हो? नेपाल हाल Financial Action Task Force (FATF) को खैरो सूचीमा पर्नुका कारणहरू उल्लेख गर्दै यसबाट बाहिर निस्कने उपायहरू लेख्नुहोस् । २+४+४=१०
(What is Money Laundering? Mention the reasons behind Nepal falling in Grey List of Financial Action Task Force (FATF) and write the ways to exit from this list.)

:: समाप्त ::